आज मिति २०७४ साल फाल्गुण १३ गतेका दिन यस दार्मा गाउँकार्यपालिका अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षतामा गाउ कार्यपालिकाको बैठक प्रारम्भ गरियो ।

## तपसिल

| | |
|---|---|
| १) श्री निम शहादुर के.सी. | (अध्यक्ष ) |
| २) श्री टिका शर्मा वली | ( उपाध्यक्ष ) |
| ३) वसुन्धरा पुन | (प्रमुख प्रशासकीय अधिकृत) |
| ४ ) श्री कवि कुमार चन्द | (१ नं. वडा अध्यक्ष) |
| ५) श्री डिल्ली वहादुर के.सी. | (२ नं. वडा अध्यक्ष) |
| ६). श्री सेतिराम रोकाहा | (३ नं वडा अध्यक्ष) |
| ७) श्री चन्द्र वहादुर रावत | (४ नं. वडा अध्यक्ष) |
| ८) श्री राम वहादुर के.सि. | (५ नं. वडा अध्यक्ष) |
| ९) श्री दुर्गा वहादुर मल्ल | (६ नं वडा अध्यक्ष) |
| १०) श्री अमृता कामी | (कार्यपालिका सदस्य) |
| ११) श्री सान्तराम कामी | (कार्यपालिका सदस्य) |
| १२) श्री मञ्जु शाही | (कार्यपालिका सदस्य) |
| १३) श्री धनिराम नेपाली | (कार्यपालिका सदस्य) |
| १४) श्री जुना मल्ल चन्द | (कार्यपालिका सदस्य) |
| १५)) श्री देवी खत्री | (कार्यपालिका सदस्य) |
| १६) श्री दिपक कवर | (लेखापाल ) |
| १७) श्री अमृत खडका | (प्रा.स.) |
| १८ ) श्री जित बहादुर वली | (प्रशासन फाँट प्रमुख) |

## प्रस्तावहरु

१) गाउँसभा -अधिबेशन ) सञ्चालन सम्वन्धमा ।
२) विभिन्न सडकको सर्भे सम्वन्धमा ।
३) गा.पा.को गुरु योजना सम्वन्धमा ।
४) खोलाको वातावरणिय प्रभाव मुल्याङकन सम्वन्धमा ।
५) कृषि भवन सम्वन्धमा ।
६) योजना अनुगमन समिति पुनर्गठन सम्वन्धमा ।
७) ऐनको मस्यौदा सम्वन्धमा ।
८) परिक्षा समितिको पारिश्रमिक सम्वन्धमा ।
९) कानुनी सल्लाहकारको पारिश्रमिक सम्वन्धमा ।
१०) आर्थिक सहायता सम्बन्धमा ।
११) आवास सम्बन्धमा ।
१२) अमिनको विज्ञापन सम्वन्धमा ।
१३) सार्बजनिक सुनुवाइ तथा सडक नाटक सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय. न. १. प्रस्ताव नं. १** मा छलफल गर्दा यस दार्मा गाउपालिकामा आवश्यक कानुन,ऐन,कार्यविधि, रणनैतिक योजना लगायत पारित गर्न आबश्यक छलफलको लागि आबश्यक समय नपुग भएकोले यस भन्दा अगाडी मिति २०७४।११।१५ गते देखि गर्ने भनी तोकिएको वैठक मिति २०७४।११।३० गते देखि गाउँसभा (अबिधेसन ) गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ प्रस्ताव नं. २** मा छलफल गर्दा यस दार्मा गाउपालिका अन्तर्गत गा.पा.केन्द्रवाट वडा नं. ६ को वडा कार्यालय सम्म जाने मोटर वाटो,फारुलाचौर झ्यारीवाङ साङट सडकको मर्मत गर्न लागत इष्टिमेट र झुल्नेटा ढाकाडामकोट साङट झ्यारीवाङ फारुलाचौर तिमिलकांडा सडकको Detail सर्भे गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ प्रस्ताव नं. ३** मा छलफल गर्दा यस दार्मा गाउपालिकाको केन्द्रको पुर्वमा झ्यारीवाङ ज्यामिरेचौर, दक्षिणमा निपाने दुवाङ, पश्चिममा डांडागाउ वुढाकाफल, उत्तरमा मौलेखाली, चैतेखोला भित्रको चार किल्ला भित्र समेटी गुरुयोजना वनाउने निर्णय गरियो ।

**निर्णय नं. ४ प्रस्ताव नं. ४** मा छलफल गर्दा दार्मा खोला र खालि खोलाको वातावरणिय प्रभाव मुल्याङकनको लागि आवश्यक वजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ प्रस्ताव नं. ५** मा छलफल गर्दा कृषि भवनको काम सम्पन्न गर्न आवश्यक रकम प्राविधिक लागत इष्टिमेट वमोजिम विनियोजन गरि वोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ प्रस्ताव नं. ६** मा छलफल गर्दा मिति २०७४।१०।१४ गतेको गाउकार्यपालिकाको वैठकवाट गठन गरिएको गाउपालिका स्तरीय र वडा स्तरीय योजना अनुगमन समिति तपशिल पुनर्गगठन गर्ने निर्णय गरियो

## तपसिल

### गाउंपालिका स्तरिय अनुगमण समिति

| | |
|---|---|
| १. गाउपालिकाको अध्यक्ष | - सयोंजक |
| २. गाउपालिकाको उपाध्यक्ष | - सदस्य |
| ३. सम्बन्धित वडाको अध्यक्ष | - सदस्य |
| ४. इन्जिनियर | - सदस्य |
| ५. सव इन्जिनियर | - सदस्य |
| ६. गाउ पालिकाका अध्यक्षले तोकेको १ जना दलित : भूमा बि.क. | - सदस्य |
| ७. गाउ पालिकाका अध्यक्षले तोकेको १ महिला : हिरा खडका | - सदस्य |

**वडापालिका स्तरीय अनुगमण समिति**

१) सम्वन्धित वडाका वडा अध्यक्ष — संयोजक

२) सयोंजकले तोकेको १ जना महिला सहित — २ जना सदस्य

**निर्णय नं. ७ प्रस्ताव नं. ७** मा छलफल गर्दा तपसिल बमोजिमका गाउँसभामा बैठक संचालन कार्यबिधि २०७४ पारित गर्ने र तपसिल बमोजिमका ऐनको मस्यौदा गाउँ सभामा छलफलका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. सहकारी ऐन २०७४

२. कृषि व्यवसाय प्रबर्द्धन ऐन २०७४

**निर्णय नं. ८ प्रस्ताव नं. ८** मा छलफल गर्दा यस दार्मा गाउपालिकाको कार्यालयमा विभिन्न रिक्त पदको पदपूर्ति गर्न गठित परिक्षा समितिको सदस्य र समन्वयनकर्ता र विज्ञलाई तपसिल बमोजिम पारिश्रमीक उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

क ) बैठक भत्ता — रु १५००।

ख ) प्रश्नपत्र निर्माण — रु १०००।

ग) प्रश्न जाँच प्रति सिफ्ट — रु ५०० ।

घ ) अन्वार्ता प्रति व्यक्ति — रु ५०० ।

**निर्णय नं. ९ प्रस्ताव नं. ९** मा छलफल गर्दा यस दार्मा गाउपालिकाको कार्यालयमा कानुनी सल्लाहकारको रुपमा सेवा परामर्सको लागी श्री इन्द्र बहादुर भन्डारी बागचौर न.पा. ३ लाई अधिकृत स्तरको तलव दिने गरि खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० प्रस्ताव नं. १०** मा छलफल गर्दा क्यान्सर पिडित असारी खत्री ( दार्मा - ६ ) लाई रु २००००। ( विस हजार ) मात्र सहयोग दिने निर्णय गरियो ।

**निर्णय नं. ११ प्रस्ताव नं. ११** मा छलफल गर्दा पदाधिकारी र कर्मचारीहरुको लागि आबश्यकता अनुसार घर भाडा लिनको लागि सिलबनदी बोल पत्र आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ प्रस्ताव नं. १२** मा छलफल गर्दा यस दार्मा गा.पा. मा १ जना अमिन आन्तरिक श्रोतबाट व्यहोर्ने गरि मासिक रु १५०००। त.भ. दिने गरि बिज्ञापन गर्ने निर्णय गरियो ।